**निर्णय न १:**

मध्यपश्चिमान्चल विश्व विद्यालयले एकिकृत सम्पति कर मिनाहाका लागी यस नगरपालीकामा अनुरोध गरेको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ को उपदफा (३) अनुसार नगरपालीकाले स्थानीय कानुन बमोजिम मापदण्ड बनाई छुट दिन सक्ने भन्ने प्रावधान रहेको तर तत्काल यस प्रकारको मापदण्ड बनी नसकेको हुँदा पछि बन्ने मापदण्डमा समावेश गर्ने गरी हाललाई स्थानीय स्वायत्त शासन नियमावलीको नियम १४४ को उपनियम (१६) मा उल्लेख भए बमोजिम उक्त विश्व विद्यालयलाई एकपटकको लागी एकिकृत सम्पति कर छुट दिने निर्णय गरियो ।

**निर्णय न २:**

वी.न.न.पा वडा न ११ को चालु आ.व को कार्यक्रममा वडा समितीको लागी जग्गा खरिद गर्न रकम विनियोजन भएको र वडा समितीले सोको प्रकिया अघि बढाईदिन अनुरोध गरेको सन्दर्भमा उक्त जग्गा खरिद प्रयोजनका लागी प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण बहादुर खड्कालाई प्रारम्भिक अधिकृतमा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय न ३:**

यस नगरपालीकाको वडा न ७ मा संचालीत गत आ. व २०७३।०७४ को घरेलु चौक देखी कालुचौक रबर बोट चोक सतह ढल निर्माण आयोजना संचालनको म्याद २०७४ भाद्र ०७ गतेको कार्यपालीकाको निर्णय अनुसार पौष मसान्त सम्म थपिएको अवस्थामा सम्बन्धीत वडाको सिफारीस र प्राविधिक प्रतिवेदनका आधारमा कार्यपालीका प्रमुख स्तरीय निर्णय अनुसार उक्त आयोजनाको ल.ई सशोधन गरी आयोजना संचालन गरीएकोमा सोको सर्मथन गर्दै सो आयोजनाको संचालन म्याद २०७४ फाल्गुन मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय न ४:**

नेपाल सरकार स्वास्थ्य मन्त्रालय बाट जिल्ला स्वास्थ्य कार्यालय सुर्खेत मार्फत यस कार्यालयलाई प्राप्त शहरी स्वास्थ्य भवन निर्माण शिर्षक बाट वि.न.पा वडा न. १ मा अधुरो भवन निर्माण गर्न मिती २०७४।०३।०४ गते स्थानीय उपभोक्ता समिती र नगर कार्यपालीका कार्यालय बिच सम्झौता भई काम भैरहेको अवस्थामा तत्कालीन समयमा सम्झौता गर्दा २०७४ आषाढ मसान्त सम्मको म्याद राखिएकोमा उक्त समयमा उल्लेखित निर्माण कार्य सम्पन्न गर्न नसकिएको भनि उपभोक्ता समितीले म्याद थपका लागी निवेदन दिएको र म्याद थप सम्बन्धमा नगरकार्यपालीका कार्यालय बाट मिती २०७४।०३।३० को टिप्पणी आदेश बमोजिम मिती २०७४।०५।०७ को कार्यपालिका वैठकमा निर्णयार्थ पेश हुँदा उक्त आयोजनाको म्याद थप छुट भएको तर आयोजनाको कार्य निरन्तर भएको तथा उक्त आयोजनाको बजेट नगरपालीकामा मौज्दात रहेको हुँदा सो आयोजनाको म्याद २०७४ फागुन मसान्त सम्म थप गरि फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय न ५:**

यस नगरपालीकाले पशु उपचार सेवा दिइरहेको सर्न्दभमा पशु उपचार सेवाको दर नगर सभा बाट नतोकिएको हुँदा चालु आ.व लाई साविकमा जिल्ला पशु सेवा कार्यालयले लिएको दरलाई नै कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | साविक दर | कैफियत |
|---|---|---|---|
| | **<u>दर्ता शुल्क राजश्व</u>** | | |
| १. | पंक्षिजन्य | ५।- | |
| २. | भेडा, बाख्रा, बंगुर, खरायो | ५।- | |
| ३. | गाई, भैंसी | १०।- | |
| ४. | कुकुर, बीरालो | ५।- | |
| ५. | हात्ती, घोडा, बाँदर र अन्य बन्यजन्तु | ५०।- | |
| ६. | गोबर, पिसाब, रगत परीक्षण | १०।- | |
| ७. | गर्भ परीक्षण दस्तुर | १०।- | |
| | **<u>पशु बन्ध्याकरण</u>** | | |
| १. | बन्ध तरीकाबाट गर्दा | १५।- | |
| २. | खुला (चिरुवा) तरीकाबाट गर्दा | १५।- | |
| | **<u>शव परीक्षण</u>** | | |
| १. | पंक्षि | १०।- | |
| २. | भेडा, बाख्रा | २५।- | |
| ३. | डडुर बिरालो | १००।- | |
| ४. | हात्ती, घोडा, बाँदर अन्य बन्यजन्तु | २००।- | |
| | **<u>कृतीम गर्भाधान दस्तुर</u>** | | |
| १. | गाई भैंसी बाख्रा | २५।- | |
| प्रमाण पत्र दिँदा | | निशुल्क | |
| प्राविधिक सेवा दस्तुर | | निशुल्क | |
| उल्लेखित सेवा बाहेकका अन्य सेवामा प्राविधिक सेवाको हकमा | | | |
| घरदैलो सेवा | | | |
| सेवा केन्द्रबाट सेवा दिँदा | | निशुल्क | |

**निर्णय न ६:**

यस नगरपालीकाको बसपार्क निर्माणका लागी च्याङ्गमिला नरसिंह जे भि ठेक्का न K3SL-023-R/K3G-011-C सँग सम्झौता भएको र निजले कार्य सम्पन्न गर्ने अवधि १३ अक्टोबर २०१७(प्रथम पटक म्याद थप भएकोमा) सो समयमा विविध कारणवश कार्यसम्पन्न हुन नसकेकामा पुनः म्याद थप र भेरियसन स्वीकृतिका लागी प्राविधिक प्रतिवेदन सहित पेश भएको सन्दर्भमा नियमानुसार कागजात पेश गर्न लगाई उक्त फर्म सँगको सम्झौताको म्याद २५ अप्रिल २०१८ सम्म थप गर्नुका साथै उक्त कार्यमा हुने भेरियसनको स्वीकृत प्रदान गर्ने अधिकार नगर प्रमुखलाई दिने निर्णय गरियो ।

**निर्णय न ७:**

वीरेन्द्रनगर नगरपालीका भित्र रहेका नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत रहेका स्वास्थ्य चौकीहरु(सानीलेख,रतु,गढि,जर्वुटा,उत्तरगंगा,कटकुवा,लाटिकोइली) र शहरी स्वास्थ्य केन्द्र( गर्गरे,दौलतपुर) को भौतिक सम्पति,सामाग्री,औषधी,औजार,आर्थिक र मानव संशाधन लगायत सम्पुर्ण स्वामित्व यस वीरेन्द्रनगर नगरपालीकाले ग्रहण गर्ने निर्णय गरियो ।

**निर्णय न ८:**

वीरेन्द्रनगर नगरपालीका भित्र रहेका १६ महिना देखी २३ महिना सम्मका सम्पुर्ण बालबालीकाले नेपाल सरकारले तोकेका सम्पुर्ण खोपहरु लगाएको विवरण महिला स्वास्थ्य स्वयसेविकाको खोप सर्भेक्षण फारमबाट प्राप्त भएकाले पुर्ण खोप नगर घोषणा २०७४ माघको पहिलो साता भित्र गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न ९:**

यस नगरपालीका बाट संचालीत अधिकाश पुर्वाधार तर्फका योजनाहरु,सडक निर्माण सम्बन्धी आयोजनाको खर्च भुक्तानी गर्दा अधिकाश खर्च टिप्परमा भुक्तानी गरेको पाईएकाले सो खर्चको मितव्ययी व्यवस्थापन गर्नका लागी यस नगरपालीकाले प्रति वडाको सडक आयोजना बाट रु.४ लाखका दरले लागत सहभागीता रहने गरी एकवटा डम्पर(टिप्पर) खरिद गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न १०:**

यस नगरपालीका कार्यालयको जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेखित यस नगरपालीकाका स्थापना देखीका विभिन्न पुराना,जिर्ण तथा काम नलाग्ने लिलाम मिनाहा गर्न भनी सिफारीस भएका सामाग्रीहरु सार्वजनिक सेवा तथा क्षमता विकास समिती मार्फत पुनः निरिक्षण गरि सो समितीले दिएको प्रतिवेदन बमोजिम लिलाम एंव मिनाह गर्ने निर्णय गरियो ।

**निर्णय न ११:**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा (३५) बमोजिम गठन हुने सामाजिक सुरक्षा समन्वय समिती निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

**निम्न**

१.नगर प्रमुख श्री देव कुमार सुवेदी

२.नगर उपप्रमुख श्री मोहनमाया भण्डारी (ढकाल)

३.वडाअध्यक्ष मध्ये बाट निम्न ४ जना :

३.१.श्री  राज बहादुर गुरुङ्ग वडा न ५

३.२.श्री मोती प्रसाद कडेंल वडा न ६

३.३.श्री थम्म प्रसाद गौतम वडा न ८

३.४.श्री रत्न बहादुर बुढा वडा न १०

४.प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण बहादुर खड्का

५.नगर क्षेत्रमा कृयाशिल बैंकहरु मध्ये लक्ष्मी बैंक सुर्खेतका प्रतिनिधी १ जना

६.जेष्ठ नागरिक महासंघको प्रतिनिधी १ जना

७.राष्टिय अपागं महासंघको प्रतिनिधि १ जना

८.पत्रकार महासंघको प्रतिनिधि १ जना

९.सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने नगरपालीकाका ना.सु श्री ओम प्रसाद चपाई

**निर्णय न १२:**

यस कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको स्तर वृद्दिका लागी कार्यालय बाट टिप्पणी पेश भएको सन्र्दभमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ ग(३)(घ) बमोजिम स्तर वृद्दि गर्न सकिने कानुनी प्रावधान रहेको तर हाल सो नियमावली सकिय नभएको तथापी यो कार्य कर्मचारी प्रशासनको नियमित प्रकिया भएको सम्बन्धमा सार्वजनिक सेवा तथा क्षमता विकास समितीको मिती २०७४ पौष १४ गतेको सिफारीसका आधारमा देहाय बमोजिम स्तर वृद्धि गर्ने निर्णय गरियो ।

| कर्मचारीको नाम | सुरु स्थायी नियुक्ति मिती | सेवा अवधि | हालको स्तर | अब कायम हुन आउने स्तर |
|---|---|---|---|---|
| तिलक बहादुर बसेल | २०५२।१२।०१ | २१ वर्ष ६ महिना | सहायक स्तर चर्तुथ | सहायक स्तर पाँचौ |
| वफातन भगीं | २०५४।०३।०१ | २० वर्ष ३ महिना | सहायक स्तर चर्तुथ | सहायक स्तर पाँचौ |

**निर्णय न १३:**

स्थानीय सरकार संचालन ऐन २०७४ जारी भए पश्चात ऐन द्धारा तोकिएका दफा (११) र (१२) का कार्यहरु गर्नका लागी तत्काल ऐन,नियम,कार्यविधि,निर्देशिका,मापदण्डको मस्यौदा तयार गरी विधेयक समिती मार्फत प्राथमिकता निर्धारण गरि आगामी कार्यपालीकाको बैठकमा पेश गर्न तपसिल अनुसारको सम्बन्धीत विषयगत समितीलाई जिम्मेवारी दिने निर्णय गरियो । साथै कानुन निर्माण नहुँदा सम्म नयाँ विद्यालय संचालन अनुमति कक्षा थप ठाउँसारी मन्टेश्वरी कोचिङ्ग कक्षा र टयूसन सेन्टर सम्वन्धी कामलाई अघि वढाउन सूचना प्रवाह गर्न लगाउने र शिक्षा सम्वन्धी लिइने शुल्कहरु संस्थागत तर्फ मन्टेश्वरी अनुमतिका लागि रु १०,०००। कक्षा १ अनुमतिका लागि रु १०,०००। कक्षा २ देखि ५ सम्म अनुमतिका लागि रु ५,०००। कक्षा ६ को अनुमतिका लागि १५,०००। कक्षा ७ देखि ८ सम्मका लागि ६,०००। कक्षा ९ को अनुमतिका लागि २०,०००। कक्षा १० को अनुमतिको लागि ८,०००। कक्षा ११ को अनुमतिको लागि २५,०००। कक्षा १२ को अनुमतिको लागि १०,०००। साथै सामुदायिक विद्यालय तर्फ कक्षा १ देखि ५ सम्म रु १०००। कक्षा ६ देखि ८ सम्म १५००। कक्षा ९ र १० को रु २०००। संस्थागत विद्यालय ठाउँसारी रु ५०००। कोचिङ्ग र ट्यूसन सेन्टर अनुमतिका लागि रु १०,०००। लिने निर्णय गरियो ।

**निम्न**

| क.स | कानुन | मस्यौदा तयार गर्ने समिती |
|---|---|---|
| १ | ⇒ सवारी साधन उपकरण संचालन<br>⇒ ठेक्का लाइसेन्स सम्बन्धी<br>⇒ कर्मचारी तथा पदाधिकारी आचारसहिंता | सार्वजनिक सेवा तथा क्षमता विकास समिती |

| | | |
|---|---|---|
| २ | ⟹ साझेदारी विकास कोष परिचालन<br>⟹ तालिम,गोष्ठी सभा संचालन(बैठक खर्च,खाजा,स्रोत व्यक्ति भत्ता,पदाधिकारी दैनिक भत्ता) | आर्थिक विकास समिती |
| ३ | ⟹ ८ कक्षा परिक्षा संचालन सम्बन्धी<br>⟹ टोल विकास संस्था गठन तथा परिचालन<br>⟹ विद्यालय अनुमति,कक्षा थप,ठाउँसारी शिक्षक र कर्मचारी नियुक्ति सम्बन्धी<br>⟹ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन | सामाजिक विकास समिती |
| ४ | ⟹ योजना तर्जुमा,कार्यान्वयन,अनुगमन र प्रतिवेदन मार्गदर्शन<br>⟹ सडक मापदण्ड निर्धारण<br>⟹ पुराना घर निर्माण सुचिकृत एंव व्यवस्थापन कार्यान्वयन | पुर्वाधार विकास समिती |
| ५ | ⟹ बजार तथा शहरी व्यवस्थापन<br>⟹ दमकल परिचालन | वातावरण तथा विपद व्यवस्थापन समिती |
| ६ | ⟹ न्याय सम्पादन तथा विवाद व्यवस्थापन सम्बन्धी कार्यविधि | विधेयक समिती |

**निर्णय न १४:**

नारायण नगरपालिका कार्यालय दैलेखमा दरबन्दी भई हाल यस नगरपालिका कार्यालयमा काजमा कार्यरत सव.ई.श्री राजन कुमार तिवारीलाई नियमानुसार सरुवा भई आउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न १५:**

सुरक्षा र विषयगत निकायहरु सहितको स्थानीय विपद व्यवस्थापन समिती यस नगरपालीकामा गठन नहुँदा विपद तथा जलवायु उत्थानसिलता सम्बन्धी योजना तर्जुमा तथा विभिन्न गतिविधि गर्न कठिन भएकाले विपद सम्बन्धी कानुन अनुसार अलग समिती नबन्दा सम्मका लागी निम्नानुसारको नगर र वडा तहको समिती गठन गर्ने निर्णय गरियो ।

**निम्नः**

स्थानीय विपद् तथा जलवायु उत्थानशील नगर समिति

| क्र. सं. | प्रतिनिधित्व | पद | कैफियत |
|---|---|---|---|
| १. | नगरपालिका प्रमुख | अध्यक्ष | समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि बढीमा दुईवर्षको हुने व्यवस्था मिलाउनु पर्नेछ । |
| २ | उप-प्रमुख | उपाध्यक्ष | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | वडाध्यक्षहरु सबै | सदस्य | |
| ५ | नगरपालिकाले तोकेको विषयगत शाखाका प्रमुखहरु | सदस्य | |
| ६ | स्थानीय तहमा रहेका सूरक्षा निकायका प्रमुखहरु | सदस्य | |
| ७ | स्थानीय नेपाल रेडक्रस सोसाइटीका प्रमुख | सदस्य | |
| ८ | नगर कार्यपालिकाले मनोनित गरेको स्थानीय गैरसरकारी संस्थाको तर्फबाट कम्तिमा १ जना महिला सहित ३ जना | सदस्य | |
| ९ | स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञमध्ये नगरपालिकाले मनोनयन गरेका - २ जना | सदस्य | |
| १० | स्थानीय उद्योग बाणिज्य संघको प्रमुख तथा प्रतिनिधि | सदस्य | |
| ११ | नगरपालिकाको विपद् व्यवस्थापन शाखाको प्रमुख | सदस्य सचिव | |

योजना तर्जुमा तथा समन्वय समितिको वडा तहको संरचना

अनुसूची-३

(दफा २.१.४सँग सम्बन्धित)

वडा विपद तथा जलवायु उत्थानशील समितिको  संरचना

| क्र. सं. | प्रतिनिधित्व | पद | कैफियत |
|---|---|---|---|
| १. | वडाको अध्यक्ष | अध्यक्ष | |
| २ | वडा सदस्यहरु | सदस्य | |
| ३ | विषयगत शाखाका प्रमुखवा प्रतिनिधि | सदस्य | |
| ४ | वडामा रहेका सूरक्षा निकायका प्रमुखहरु | सदस्य | |
| ५ | स्थानीय नेपाल रेडक्रस सोसाइटीका, गैर सरकारी सँस्थाका तर्फबाट एकजना महिला सहित २ प्रतिनिधि | सदस्य | |
| ६ | वडा सचिव | सदस्य सचिव | |

**निर्णय न १६:**

यस नगरको वारुणयन्त्र परिचालनका कममा निम्नानुसार समस्या देखिएकाले सोको समाधान गर्नका विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट कार्यकम बनाई कार्यान्वयन गर्न वातावरण तथा विपद व्यवस्थापन समितीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

⇒ वरुणयन्त्र टोलीको बिमा सम्बन्धमा ।
⇒ रिर्जब ट्याकंर ।

**निर्णय न १७:**

यस नगरको वडा न ६ को स्थानीय मंगलगढि चौकमा मिती २०७४।०९।०७ गते भएको आगलागी नियन्त्रणमा सहयोग गर्ने सम्पुर्ण पानीटेक्की व्यवसायी,सुरक्षाकर्मी,डोजर संचालकहरु तथा कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो । सो आगलागी तथा विभिन्न समयमा नगरका अन्य स्थानमा भएको आगलागी बाट घर,पसलको पुर्ण क्षती भएको अवस्थामा पिडितलाई रु.५०००(पाँच हजार मात्र ।)सम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै आर्थिक सहयोगका लागी प्राप्त निवेदनहरु मध्ये कडा रोग तथा चोट लागी उपचारार्थ आर्थिक सहयोग माग गर्ने तपसिल बमोजिमका व्यक्तिहरुलाई जनही रु.५०००(पाँच हजार मात्र ।) सहयोग गर्ने निर्णय गरियो ।

**निम्न**

१.वि.न.पा वडा न ९ निवासी रुखबाट खसी चोट लागेकी श्री देवीसरा खड्का

२.वि.न.पा वडा न ५ निवासी टाउकोमा चोट लागेका श्री मन नेपाली

३.वी.न.पा वडा न १२ निवासी रुखबाट खसी चोट लागेकी श्री जैपुरी दमाई

**निर्णय न १८:**

यस नगरपालीकाका १६ वटै वडाहरुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत कार्यरत सामाजिक परिचालकहरुको अवधि मिती २०७४।०९।१६ गते देखी सकिएको अवस्थामा वडाको सामाजिक परिचालन लगायतका विभिन्न कार्यहरुमा प्रभाव परेकाले सामाजिक परिचालन कार्यक्रम लाई आवश्यक स्रोतको व्यवस्था गरि निजहरुको सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइदिनहुन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न १९:**

हाल यस नगरका केही वडाहरुबाट मात्र एकिकृत सम्पति कर असुली सेवा दिईएकोमा अन्य बाँकी वडाहरु बाट उक्त सेवा विस्तार गरी एकिकृत सम्पति कर असुली सेवा दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय न २०:**

यस वीरेन्द्रनगर नगरपालीकाले नेपाल रेडक्रस शाखा सुर्खेतका संस्थागत सदस्यता लिने निर्णय गरियो ।